**Sindhu Bikash Bank Ltd.**

**सिन्धु विकास बैंक लि.**

प्रधान कार्यालय : बाह्रविसे, सिन्धुपाल्चोक

कर्पोरेट कार्यालय : बनेपा, काभ्रे, फोन : ०११-६६२३४०/४१ फ्याक्स : ०११-६६२३४६


**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४**

***(नियम २६ को उपनियम (१) संग सम्बन्धित)***

# आ.व.२०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन

(१) **वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपात सम्बन्धी विवरण ।

समिक्षा अवधीको अन्तसम्ममा यस विकास बैंकको वित्तीय अनुपातहरु तपसिल बमोजिम रहेका छन् ।

| | | |
|---|---|---|
| **प्रति शेयर आम्दानी** : रु.१६।५५ वार्षिक | **मूल्य आम्दानी अनुपात** : ४०.७८ | **प्रति शेयर नेटवर्थ** : रु.७४।२२ |
| **प्रति शेयर कुल सम्पत्तिको मुल्य** : रु.१,१२३।६४ | **तरलता अनुपात** : ३२.८१% | **पूँजीकोष अनुपात** : ६.९७% |

(२) **व्यवस्थापकिय विश्लेषण** : बैंकको सबलता मापन गर्ने विभिन्न परिसुचकहरु जस्तैः आम्दानी, कर्जा, निक्षेप, तरलता, पूँजी, कर्जा निक्षेप अनुपातहरु सन्तोषप्रद रहेका छन । केही कर्जाहरुको असूली समयमै हुन नसकेकोले नोक्सानी ब्यवस्था बढ्न गई पूँजीकोष घट्न गएको छ । घरजग्गा जस्ता मुल्यवान धितोले सुरक्षित भएका यी कर्जाहरु असुलीको प्रक्रियामा रहेको र असूली हुने वित्तिकै पूँजीकोष पर्याप्तताको पालना हुन्छ ।

(३) **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) विकास बैंकको सामान्य ब्यवसायिक कारोबारको सिलसिलामा कर्जा असूलीसंग सम्बन्धित मुद्धा बाहेक समीक्षा अवधिमा विकास वैंकलाई कानूनी कारवाही सम्वन्धी कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

ख) यस विकास बैंकका संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

ग) समीक्षा अवधिमा कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

४) **सम्बन्धित संस्थाको शेयर कारोवार सम्बन्धी विवरण** : धितोपत्र बजारमा सेयरको खरिद विक्री कार्य स्वतन्त्र रुपले हुने गर्दछ । बैंक व्यवस्थापनको तर्फवाट नियमनकारी निकायको निर्देशन वमोजिम शेयर मूल्यमा असर पार्ने सूचना तत्काले पेश गर्ने गरिएकोछ । यस विकास बैंकको आ.व. २०८१/०८२ को प्रथम त्रैमासिक अवधिको शेयर कारोवारको विवरण यस प्रकार रहेको छ । (स्रोतः www.nepalstock.com)

| | | |
|---|---|---|
| **शेयरको अधिकतम मुल्यः** रु.७४०/०० | **शेयरको न्यूनतम मुल्यः** रु.४५०/- | **शेयरको अन्तिम मुल्यः** रु.६७५/- |
| **कारोवार भएको कुल संख्या** : १७,८५७ | **कारोवार भएको कुल दिनः** ५७ | **कित्ताः** ३२,७२,४६१ |

५) **समस्या र चुनौति**

१) विश्व अर्थतन्त्रमा परेको दुरगामी असरहरु लगायतले समग्र आर्थिक क्षेत्रलाई पार्ने प्रतिकुल प्रभाववाट सिर्जना हुन सक्ने चुनौती तथा समस्याहरु ।

२) आन्तरिक रोजगारीको आकारमा यथेष्ट बृद्धि नहुँदा आय खुम्चिन गई अर्थतन्त्रमा पर्ने असरहरु ।

३) जीवन निर्वाहकालागि अत्यावश्यक सामाग्रीहरुमा भएको मुल्य बृद्धिबाट बैंकिङ्ग क्षेत्रमा सिर्जना हुनसक्ने चुनौती तथा समस्याहरु ।

४) दक्ष तथा प्रतिस्पर्धी कर्मचारीहरुको अभाववाट हुनसक्ने संचालन लगायतका जोखिमहरु ।

५) संचालन तथा जोखिम न्यूनिकरणका लागि लागत खर्चमा भएको बृद्धि, बैंकिङ्ग क्षेत्रको बढ्दो प्रतिस्पर्धा आदिका कारण मार्जिन दर खुम्चिन गई मूनाफामा हुन सक्ने असर ।

६) उत्पादनशील क्षेत्र (Productive Sector) तथा प्राथमिकता प्राप्त क्षेत्र (Priority Sector) मा ठोस रुपमा हुन नसकेको लगानी बृद्धिका कारण देशको अर्थतन्त्रमा पर्न सक्ने दुरगामी असरहरु ।

६) **संस्थागत सुशासन** : संस्थागत सुशासन सम्वन्धि नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरुवाट प्राप्त मार्ग निर्देशनहरु यस बैंकले उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । वैंकको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत रुपले सम्पादन गर्नकालागि संचालक समिति, लेखा परिक्षण समिति, जोखिम व्यवस्थापन समितिहरु क्रियाशील रहेका छन् । बैंकको कारोवारलाई व्यवस्थित गर्न आवश्यक आन्तरिक नीति तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ ।

७) **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोष** : यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गरी निर्णय लिनका लागि आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।